नेपाल सरकार
**ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**
सिंहदरबार, काठमाडौं

## "ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३" को मस्यौदामा राय सुझाव माग गरिएको सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८३/०१/११

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी कार्यसूचीको बुँदा नं. ७४ (क) बमोजिम ऊर्जा निर्यात रणनीति (ऊर्जा खपत रणनीति र बुँदा ७४ (ग) समेतलाई सम्बोधन गर्ने गरी) गठित उच्चस्तरीय समितिले तयार पारेको **"ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३"** को मस्यौदा मिति २०८३/०१/१० मा माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीज्यू समक्ष पेश भएको छ। उक्त मस्यौदालाई थप परिस्कृत, व्यावहारिक र प्रभावकारी बनाउन सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरूको राय सुझाव समावेश गर्नुपर्ने देखिएको छ।

तसर्थ, उक्त मस्यौदाका सम्बन्धमा आफ्ना सान्दर्भिक राय सुझाव उपलब्ध गराउन चाहने सरकारी निकाय, निजी क्षेत्र, नागरिक समाज, विषय विज्ञ तथा आम सर्वसाधारणले मन्त्रालयको आधिकारिक वेबसाइट **www.moewri.gov.np** मा अपलोड गरिएको मस्यौदा अध्ययन गरी यो सूचना प्रकाशित भएको मितिले ३ **(तीन) दिनभित्र** मन्त्रालयको ईमेल ठेगाना info@moewri.gov.np वा वेबसाइटमा रहेको फिडब्याक पोर्टल https://moewri.gov.np/feedback/ मार्फत उपलब्ध गराइदिनुहुन यो सूचना आह्वान गरिन्छ।